निर्णय प्रमाणित

# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

<u>प्रस्ताव नं.</u> (१)
कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ स्वीकृत गरी लागू गर्ने।

<u>प्रस्ताव नं.</u> (२)
कडिया खोलामा झोलुङ्गे पुल निर्माण आयोजना सञ्चालन गर्ने।

<u>प्रस्ताव नं.</u> (३)
कानेपोखरी गाउँपालिकामा करार सेवामा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत गर्ने।

<u>प्रस्ताव नं.</u> (४)
विभिन्न वडाका कालोपत्रे सडक निर्माण आयोजनालाई क्रमागत आयोजनाको रुपमा समावेश गर्ने।

<u>प्रस्ताव नं.</u> (५)
ढुंगा/गिट्टी बालुवा वापतको कर संकलनका लागि ज्यालादारीमा खटाइएका जनशक्तिलाई ज्याला रकम भुक्तानी गर्ने।

<u>प्रस्ताव नं.</u> (६)
जनप्रतिनिधिको पहिलो कार्यकालमा भए/गरेका महत्वपूर्ण विषयवस्तु समावेश गरी प्रगती पुस्तिका प्रकाशन गर्ने।

<u>प्रस्ताव नं.</u> (७)
जनता आवास कार्यक्रम सञ्चालन गर्ने।

<u>प्रस्ताव नं.</u> (८)
अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी उपर छलफल गर्ने।

<u>प्रस्ताव नं.</u> (९)
कानेपोखरी अस्पतालका लागि चाहिने जनशक्ति तत्काल पदपूर्ति गर्ने।

<u>प्रस्ताव नं.</u> (१०)
कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य मनोनयन गर्ने।

<u>प्रस्ताव नं.</u> (११)
१५ शैयाको आधारभूत अस्पताल निर्माणका लागि नपूग हुने जग्गा जग्गा प्राप्ति ऐन बमोजिम अधिग्रहण गर्ने।

<u>प्रस्ताव नं.</u> (१२)
मर्मतसम्भारका आयोजना सञ्चालन गर्ने।

<u>प्रस्ताव नं.</u> (१३)
खेलकूद परिषद्ले पेश गरेको परियोजना प्रस्ताव स्वीकृत गरी खेलकूद कार्यक्रम सञ्चालन गर्ने।

<u>प्रस्ताव नं.</u> (१४)
सवारीसाधन मर्मतको विल अनुमोदन गर्ने।



मिति २०७८।११।११ गतेको कानेपोखरी गाउँ कार्यपालिकाको निर्णय

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम २४ को उपनियम (३) र (१) बमोजिम मस्यौदा तयार भई बैठक समक्ष स्वीकृतीका लागि पेश हुन आएको **"कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८"** को मस्यौदा उपर दफावार छलफल भयो र पेश भए बमोजिमको नियमावली स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। (स्वीकृत कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ कानेपोखरी राजपत्र मार्फत सार्वजनिक गरिनेछ)

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७८।०७९ को सशर्त अनुदान (नेपाल सरकार) मार्फत यस गाउँपालिकाको कडिया खोलामा झोलुङ्गे पुल निर्माणका लागि बजेट प्राप्त हुन आएकोमा उक्त झोलुङ्गे पुल निर्माणका लागि गरिएको विस्तृत परियोजना प्रतिवेदनले उल्लेख गरेको रकम रु. ४३,४५,८२३।९७ बाट निर्माण सम्बन्धी कार्य (रु.२६,६४,०४३।६५) स्थानीय ३ नं. वडाका उपभोक्ताहरु सम्मिलित उपभोक्ता समितिबाट गर्ने र फेब्रिकेसन लगायतका सामाग्री खरिद (रु. १६,८१,७८०।३१) को कार्य बोलपत्रबाट गरी तत्काल पुल निर्माण तथा जडानको कार्य अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी नमुना कार्यविधिमा केही सूचकहरु थपघट गरी विगतमा कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएकोमा अब उप्रान्त गाउँपालिकाले स्थापना गर्ने आधारभूत अस्पतालका करार दरबन्दीभित्रका चिकित्सक लगायतका अन्य स्वास्थ्यकर्मी/कर्मचारी समेत करार सेवामा नियुक्ति गर्नुपर्ने भएकाले विगतमा स्वीकृत कार्यविधि खारेज गरी कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम २४ को उपनियम (३) र (१) बमोजिम मन्त्रालयबाट प्राप्त नमुना कार्यविधिमा उल्लिखित सूचकमै सामयिक परिमार्जन गर्दै स्थानीय आवश्यकता बमोजिम मस्यौदा तयार भई बैठक समक्ष स्वीकृतीका लागि पेश हुन आएको **कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,** २०७८ स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत **कानेपोखरी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,** २०७८ लाई कानेपोखरी राजपत्र मार्फत सार्वजनिक गरिनेछ)

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८।०७९ का लागि गाउँ सभा अधिवेशनद्वारा स्वीकृत विभिन्न वडामा कालोपत्रे सडक निर्माण आयोजनालाई एउटै



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

प्याकेजमा ठेक्का बन्दोबस्त गरी उक्त आयोजनालाई क्रमागत आयोजनाको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम चिसाङ खोलाको ढुङ्गा/गिट्टी/बालुवाको आय ठेक्का बन्दोबस्त नहुञ्जेलसम्म गाउँपालिकाले उठाउनुपर्ने ढुङ्गा/गिट्टी/बालुवा वापतको कर संकलनका लागि सम्बन्धित वडाका वडा अध्यक्षको सिफारिसमा कार्यालयबाट दैनिक ज्यालादारीमा कर संकलन गर्ने जनशक्ति व्यवस्थापन गरिएको र त्यस्ता जनशक्तिले आफूले नियमानुसार पाउनु पर्ने ज्याला रकम भुक्तानी पाउँ भनी कार्यालयमा आवेदन गरेको हुँदा देहाय बमोजिमको व्यवस्था मिलाई ज्यालादारीमा नियुक्त जनशक्तिलाई ज्याला रकम भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

- वडा अध्यक्षको सिफारिसमा ज्यालादारीमा नियुक्त गरिएको जनशक्तिले कति दिनमा कति परिमाणको ढुङ्गा/गिट्टी/बालुवा बिक्री गरी कति रकम राजस्व संकलन गरेको हो ? सोको प्रतिवेदन सम्बन्धित वडाले कार्यालयको राजस्व उपशाखा उपलब्ध गराउने,
- राजस्व उपशाखाले सबै वडाबाट उल्लिखित प्रकृया बमोजिम संकलित राजस्व रकम बैंक दाखिला भए/नभएको रुजु परीक्षण गरी ज्यालादारीमा व्यवस्थापन गरिएका जनशक्तिको ज्याला रकम भुक्तानीका लागि राजस्व तथा आर्थिक प्रशासन शाखामा पठाउने, र
- बेलबारी नगरपालिकाबाट आय ठेक्का बन्दोबस्तको कार्य अन्तिम चरणमा पुगेको भनी जानकारी प्राप्त हुन आएकाले ठेक्का सम्झौताको मितिदेखी उल्लिखित प्रकृयाबाट राजस्व संकलनको कार्य बन्द गर्ने र सोको जानकारी सम्बन्धित सबैलाई दिने व्यवस्था मिलाउन राजस्व उपशाखा र सम्बन्धित सबै वडाले मिलाउने।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा स्थानीय तहको निर्वाचन २०७४ मार्फत कानेपोखरी गाउँपालिकामा निर्वाचित भई आउने सम्पूर्ण जनप्रतिनिधिहरुको पहिलो कार्यकालमा विकास निर्माण/सार्वजनिक सेवा प्रवाह सम्बन्धमा भए/गरेका सम्पूर्ण विषयवस्तुहरु समावेश गरी प्रगती पुस्तिका तयार गरी प्रकाशन गर्ने र यसका लागि देहाय बमोजिम सम्पादक मण्डल गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सबै वडाका वडा अध्यक्ष | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |





प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशनद्वारा चालु आर्थिक वर्ष २०७८।०७९ का लागि स्वीकृत जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माणका लागि देहाय बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र सम्बन्धित वडालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

क. जनता आवास कार्यक्रम सञ्चालन हुने वडाको वडा समितिले लाभग्राही छनोट गरी त्यसको विवरण पूर्वाधार विकास/योजना तथा अनुगमन शाखामा पठाउने,

ख. पुर्वाधार विकास शाखाले गाउँ सभा अधिवेशनले निर्णय गरे बमोजिमको रकमको सीमाभित्र रही एकरुपता हुनेगरी घरको डिजाइन तयार गरी कम्तीमा पन्ध्र प्रतिशत जनसहभागिता सम्बन्धित लाभग्राही स्वयंले व्योहोर्ने गरी घर निर्माणको लागत अनुमान तयार गर्ने,

ग. स्वीकृत लागत अनुमान बमोजिम योजना शाखाले प्रत्येक लाभग्राहीसँग घर निर्माणको सम्झौता गर्ने।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाण्डौंको पत्र संख्या ४ स्थानीय १३०४/०७८/७९, चलानी नं. १७५९८, मिति २०७८।०९।२८ को पत्रसाथ प्राप्त उजुरीमा उठाइएको विषयमा बैठकमा व्यापक छलफल भयो। सो सम्बन्धमा उजुरीमा उठान गरिए बमोजिम भए/गरेको नदेखिएको व्यहोरा सहितको जानकारी श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा गाउँ कार्यपालिकाबाट स्वीकृत कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को अनुसूची १ मा व्यवस्था भएको मेडिकल अधिकृत लगायतका अन्य रिक्त पदहरुमा नियमावलीमा व्यवस्था भए बमोजिम पदपूर्ति प्रकृया तत्काल अघि बढाउने र रेडियोग्राफर माग पद संख्या एकका लागि कार्यालयबाट हालसालै प्रकाशित सूचना अनुसार वैकल्पिक योग्यताक्रम नं. (१) मा पर्ने उम्मेद्वार समेतलाई करार सेवामा नियुक्ति गरी तत्काल अस्पताल सञ्चालन प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को नियम ४ को उपनियम (२) खण्ड (ख) र (ग) बमोजिम देहाय बमोजिमका व्यक्तिहरुलाई अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य पदमा मनोनयन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**





प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को नियम ४ को उपनियम (२) खण्ड (ख) बमोजिम कानेपोखरी गाउँपालिका ४ नं वडा निवासी श्री उमेश पौडेल, कानेपोखरी गाउँपालिका १ नं वडा निवासी श्री भीम बस्नेत र कानेपोखरी गाउँपालिका ४ नं वडा निवासी श्री अम्बिका भट्टराई। कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ को नियम ४ को उपनियम (२) खण्ड (ग) बमोजिम कानेपोखरी गाउँपालिका ७ नं वडा निवासी श्री मेनुका कोइराला।

<u>निर्णय नं.</u> (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका ४ नं. वडा, बयरवनमा निर्माणाधीन १५ शैयाको आधारभूत अस्पतालको स्वीकृत डिजाइन बमोजिमको संरचना निर्माण गर्न उत्तर र पूर्वपट्टिको भूभागमा थप केही जग्गा चाहिने भनी पूर्वाधार विकास शाखाबाट जानकारी प्राप्त हुन आएकोमा कति क्षेत्रफलको जग्गा अस्पताल निर्माणका लागि आवश्यक पर्ने हो सोको विवरण पूर्वाधार विकास शाखाबाट लिई जग्गा प्राप्ति ऐन, २०३४ मा उल्लिखित प्रावधान बमोजिम मुआब्जा दिई जग्गा अधिग्रहण गर्ने र नियमानुसार निर्धारित मुआब्जा रकम गाउँ सभा अधिवेशनद्वारा स्वीकृत बजेट शीर्षकबाट खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (१२)

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा सम्बन्धित वडाबाट सिफारिस भई आएका देहायमा उल्लिखित तत्काल मर्मतसम्भार गर्नुपर्ने आयोजना लगायतका अन्य आयोजनाहरु तपसिल बमोजिमका बजेट स्रोतबाट खर्च लेख्ने गरी तत्काल सञ्चालनको प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>देहायः</u>

| क्र.सं. | वडा नं. | तत्काल मर्मत सम्भार गर्नुपर्ने योजनाको नाम | विनियोजित बजेट | बजेट श्रोत |
|---|---|---|---|---|
| १. | ३ | घुरघुरा दक्षिणबाट पूर्व हरकपुर एग्रीकल्चर प्रा.लि. डाँस खोला जोड्ने सडक मर्मत | १,००,०००।०० | मर्मतसम्भार कोष |
| २. | ७ | छथरे टोल-शुक्रबारेको सडक/होलीमा ड्रेन निर्माण | ३,००,०००।०० | पूर्वाधारका विभिन्न निर्माण सुधार |
| ३. | ४ | हस्तिनापुर दक्षिणको सडक मर्मत | ७५,०००।०० | मर्मतसम्भार कोष |
| ४. | ७ | त्रिवेणी चौक पच्चीस विघे नयाँ सडक खोल्ने/ट्रयाक खोल्ने | ७५,०००।०० | मर्मतसम्भार कोष |
| ५. | ६ | रमाइलो विदाइ चोक पूर्व विहिबारे सडक मर्मत | ४,००,०००।०० | पूर्वाधारका विभिन्न निर्माण सुधार |





प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४०

| | | | | |
|---|---|---|---|---|
| ६. | ५ | कालीथानमा ज्येष्ठ सदस्य चौतारीको घेराबारा मर्मत | १,००,०००।०० | ज्येष्ठ सदस्य |
| ७. | ६ | प्रहरी चौकी रमाइलोको घेराबारा सहित मर्मत | २,५०,०००।०० | भौतिक पूर्वाधार/सुरक्षा कार्यालयहरु |
| ८. | ३ | कितारेश्वर महादेव थान माझ्हिम मन्दिर पूर्व डाँस खोलामा बाँस पाइलिङ्ग | १,००,०००।०० | विपद् व्यवस्थापन |
| ९. | ३ | वडा कार्यालय छुने सडक (२० फुटे) मर्मतसम्भार | ५०,०००।०० | मर्मतसम्भार कोष |
| १०. | ७ | शान्तिटोल-गहिरी टोल सडक मर्मतसम्भार | १,२५,०००।०० | मर्मतसम्भार कोष |
| ११. | ४ | होक्सेडाँडा-पुष्पलालको घर जोड्ने सडक ग्राभेल/मर्मत | १,००,०००।०० | मर्मतसम्भार कोष |
| १२. | ४ | झोलुङ्गे पुल छेउको महादेव मन्दिरको अधुरो काम रेलिङ्ग, टायल, घेराबेराको निर्माण/मर्मत | १,००,०००।०० | भाषा, धर्म, संस्कृति सम्बन्धी बजेट |
| १३. | ७ | आवादी टोल-चेतनाथ गौतमको घर अगाडिको सडक मर्मत | १,५०,०००।०० | सडक मर्मतसम्भार |
| १४. | १ | अमरमार्ग-रंगेली नगरपालिकाको सीमासम्म सडक मर्मत | १,००,०००।०० | सडक मर्मतसम्भार |
| १५. | ६ | भलुवा सुकुना पैनी हेड रेगुलेटर निर्माण | २,५०,०००।०० | सिंचाई बाँध पैनी |
| १६. | ६ | रमाइलो-कामत टोल जोड्ने सडक (रेजिना ठकुरीको घर छेउ) मर्मत | १,५५,०००।०० | सडक मर्मत सम्भार |
| १७. | ६ | दही धाप सिंचाई पैनी मर्मत (शुक ब.लिम्बु भएको) | १,००,०००।०० | सिंचाई बाँध पैनी |
| १८. | २ | ढिकुवा, डाँगी लिम्बु टोल सडक मर्मत | १,२५,०००।०० | सडक मर्मतसम्भार |
| १९. | २ | दलेली ऋषिदेव टोलमा ड्रेन/स्ल्याब निर्माण/मर्मत | ५०,०००।०० | सडक मर्मतसम्भार |
| २०. | २ | प्रगतीटोल सडक मर्मत | १,००,०००।०० | सडक मर्मतसम्भार |
| २१. | ४ | सप्तरङ्गी टोल सडक मर्मत | १,००,०००।०० | सडक मर्मतसम्भार |
| २२. | १ | सगरमाथा आधारभूत विद्यालयको सडक मर्मत | ५८,०००।०० | विद्यालय पूर्वाधार |
| २३. | ६ | पञ्चज्योती आधारभूत विद्यालयको कक्षा कोठा मर्मत | २,००,००० | विद्यालय पूर्वाधार |





प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४. | ७ | कानेपोखरी अ.प्र.चौकीको भान्सा घर मर्मत | १,००,०००।०० | सुरक्षा निकाय पूर्वाधार निर्माण |
| २५. | ५ | कालीकोशी २ नं. सिंचाई पैनी बाँध निर्माण/मर्मत | १,२५,०००।०० | सिंचाई बाँध पैनी |
| २६. | १ | कानेपोखरी-१ मा बाढीले कटान गरेको स्थानमा बाँस पाइलिङ्ग | १,००,०००।०० | विपद् व्यवस्थापन |
| २८. | २ | कालीथान-बयरवन कालोपत्रे सडकमा ड्रेन निर्माण | ६,००,०००।०० | कालिस्थान-बयरवन कालोपत्रे सडक ठेक्का बन्दोबस्त भई बचेको रकमबाट व्योहोर्ने। |
| २९. | ३ | कडिया खोला (काशी जगतको घर छेऊ) बाँस पाइलिङ्ग | ५०,०००।०० | विपद् व्यवस्थापन |
| ३०. | २ | चिसाङ्ग खोला बाँस पाइलिङ्ग (मैनावारी, धावीटोल र चिसाङ्ग बस्ती) | २,००,०००।०० | विपद् व्यवस्थापन |
| ३१. | २ | केरौन खोला (मरीया टोल) मा बाँस पाइलिङ्ग | ७५,०००।०० | विपद् व्यवस्थापन |
| ३२. | ५ | मानेचोक बाँस पाइलिङ्ग (चिसाङ्ग खोला) | ७५,०००।०० | विपद् व्यवस्थापन |
| ३३. | ६ | सुकुना खोला, माझी टोल र कामत टोल समेतमा माटो भर्ने र सडक मर्मत | १,००,०००।०० | मर्मतसम्भार कोष |
| ३४. | ३ | अमहा कृषि सडक मर्मत | ५०,०००।०० | मर्मतसम्भार कोष |
| ३५. | ७ | दही पूर्व सुन्तोली सम्म खानेपानी विस्तार | १,००,०००।०० | खानेपानी शीर्षक |
| ३६. | ६ | गुरुङ्ग डाँडाको मनिला बस्तीमा सडक मर्मत | ५०,०००।०० | मर्मतसम्भार कोष |
| ३७. | ७ | चिसोपानी कल्भर्टस मर्मत | १,००,०००।०० | सिंचाई बाँध पैनी |
| ३८. | ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालित ३ नं. वडाको डाँसखोलामा बाँस पाइलिङ योजनामा साझेदारी (झोलुङ्गे पुलछेउ २ स्थान, चिहानडाँडाछेउ २ स्थान र तुम्साचोक पूर्व १ स्थान) | २,५०,०००।०० | विपद् व्यवस्थापन कोष |



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३९. | १ | राधाकृष्ण टोलको गयल कोचेनी खोलाको पुलछेउमा रहेको विश्रामालय संरक्षण | ३,००,०००।०० | सिंचाई बाँध पैनी |
| ४०. | ४ | ५ शैयाको कानेपोखरी आधारभूत अस्पताल व्यवस्थापन | ५,००,०००।०० | भौतिक पूर्वाधार/सुरक्षा कार्यालयहरु |

निर्णय नं. (१३)

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा खेलकूद कार्यक्रम सञ्चालनका लागि कानेपोखरी खेलकूद परिषद्ले पेश गरेको रु. १६,०२,७५०।०० रुपैंया बराबरको परियोजना प्रस्ताव स्वीकृत गर्ने र उक्त परियोजना प्रस्तावमा नपूग हुन आउने रकम अध्यक्ष कपबाट व्यहोरी अध्यक्ष कप समेत सोही परियोजना प्रस्ताव मार्फतनै सञ्चालन गर्ने व्यवस्था मिलाउने र शिक्षा तथा सामाजिक विकास शाखाबाट कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१४)

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा गाउँपालिकाको स्वामित्वमा रहेको तपसिल बमोजिमका सवारीसाधनहरु मर्मत/सर्भिसिङमा भएको खर्च देहाय बमोजिम अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सवारीसाधन नं. | सर्भिसिङ/मर्मत मिति | सर्भिसिङ/मर्मत गर्ने फर्मको नाम र बिल नं. |
|---|---|---|
| बा १ झ ८४८३ | २०७८।१०।१८ | रु. ४६५७०।०० (भ्याट बिल नं ६१ र ६३) सरु सर्भिसिङ सेण्टर, इटहरी, सुनसरी। |
| को १ झ ५५७ | २०७८।१०।११ | रु. ३६४९।०० (भ्याट बिल नं ७०) सरु सर्भिसिङ सेण्टर, इटहरी, सुनसरी। |
| को १ झ ५५७ | २०७८।१०।१४ | रु. १६६९९।०० (भ्याट बिल नं ७१) सरु सर्भिसिङ सेण्टर, इटहरी, सुनसरी। |
| को १ झ ५५७ | २०७८।११।०५ | रु. ६९५५१।०० (भ्याट बिल नं ७७ र ७८) सरु सर्भिसिङ सेण्टर, इटहरी, सुनसरी। |

आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो।





प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner